# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२

हिमा गाउँपालिका




# हिमा गाउँपालिका

# जुम्ला जिल्ला

# २०७९

**कर्णाली प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**

# प्रदेश सुशासन केन्द्र

**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**

---

## आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन् । नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ ।

यसका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र अनुदान मात्र पर्याप्त हुने देखिदैन । सीमित श्रोत साधनको कुशल परिचालन र आन्तरिक आय बढाउनु पर्ने, आत्मनिर्भर, सबल र सुदृढ बन्न अग्रसर हुनुपर्ने छ ।

आफ्नो राजस्व (आय) क्षमताको आँकलन र प्रभावकारी प्राप्ति तथा उपयोगको लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नु भएकोमा बधाई तथा शुभकामना ।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । मुलतः सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरणका औजारको प्रयोग र आवश्यक कानुनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार, सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ । तहाँ गाउँपालिकाको प्रस्तुत राजस्व सुधार कार्ययोजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी लागेको छ । प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने राजस्व समितिलाई राजस्व सुधार कार्ययोजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुर्‍याउनु भएकोमा आभारी छु ।

राजस्व सुधार कार्ययोजनाले तहाँ स्थानीय तहको राजस्व क्षमताको उजागर र कुशल प्राप्तिमा योगदान गर्नेछ । प्रस्तुत योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय र आन्तरिक आय वृद्धिमा सफल हुनुहुने छ भन्ने विश्वास लिएको छु । शुभकामना ।

केशव प्रसाद उपाध्याय<br>
कार्यकारी निर्देशक<br>
प्रदेश सुशासन केन्द्र<br>
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजस्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजस्व सङ्कलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले सङ्घीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था सङ्घीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजस्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजस्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजस्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजस्वका क्षेत्रहरु तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजस्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजस्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरुमा राजस्व सङ्कलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजस्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र कर्णालीलाई तथा स्थानीय तहको  राजस्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची


**परिच्छेद एक: परिचय** **१**

१.१ पृष्ठभूमी १

१.२ राजस्व सुधार योजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यहरू ३

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ३

१.५ अध्ययनको सिमा ७

**परिच्छेद दुई: गाउँपालिकाको सक्षिप्त परिचय** **९**

२.१ गाउँपालिको गठन तथा नामांकरण ९

२.२ प्रशाशनिक विभाजन ९

२.३ भौगोलिक तथा प्राकृतिक अवस्था १०

२.४ वडागत रूपमा घरधुरी तथा जनसङ्ख्या ११

२.५ आर्थिक अवस्था ११

२.६ गाउँपालिकाको मानवीय संशाधन १४

२.७ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था १६

**परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१७**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १७

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २२

३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २४

३.३.१ कर राजस्व २४

३.३.२ गैरकर राजस्व ३२

**परिच्छेद चार: आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था** **४२**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४२

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ४२

४.२ आय सङ्कलनको संस्थागत क्षमता ४५

४.२.१ स्थानीय राजस्व परामर्श समिति ४५

४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ४६

४.२ गाउँपालिकाको आन्तरिक आय परिचालन ४६

४.३ विगतको राजस्व सङ्कलनको अवस्था ४८

४.५ राजस्व परिचालनमा रहेका सवालहरू ४९

**परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना** **५२**

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ५२

**परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण ५७**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५७

६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ६१

**परिच्छेद सातः अपेक्षित आय ६८**

**परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन ६९**

**अनुसूचीहरू ७२**

अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ७३

अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र ७६

अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र ७७

अनुसूची ४: कार्यक्रमको फोटोहरु ८०

# तालिका सूची


तालिका १: वडा अनुसारको क्षेत्रफल ९
तालिका २: वडा अनुसार जनसङ्ख्या विवरण ११
तालिका ३: गाउँपालिकाको कर्मचारीको स्वीकृत दरबन्दी विवरण १५
तालिका ४: गाउँपालिकामा हाल कार्यरत कर्मचारी विवरण १५
तालिका ५: गाउँपालिकाको भौतिक सम्पतिको विवरण १६
तालिका ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २२
तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २५
तालिका ८: जग्गा सम्बन्धित विवरण २७
तालिका ९: व्यवसाय सम्बन्धी विवरण २९
तालिका १०: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण ४२
तालिका ११: राजस्व परामर्श समिति ४६
तालिका १२: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ४७
तालिका १३: विगत ३ वर्षको आय विवरण ४९
तालिका १४: कर राजस्व सुधार कार्ययोजना ५२
तालिका १५: गैरकर राजस्व सुधार कार्ययोजना ५४
तालिका १६: गैरकर राजस्व सुधार योजना ५५
तालिका १७: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ५७
तालिका १८: गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण ६१
तालिका १९: गाउँपालिकाको अपेक्षित आय संक्षेपमा (रु हजारमा) ६८
तालिका २०: अनुगमन कार्यान्वयन तालिका ७०


# सूची


चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू ४
चित्र २: गाउँपालिकाको भैगोलिक अवस्थिति १०
चित्र ३: राजस्व तथा करका विभिन्न शीर्षकहरू २४
चित्र ४: राजस्वका लागि अनुगमन मूल्याङ्कन चक्र ६९

# परिच्छेद एक: परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्य जिम्मेवारी निर्धारण गरेको छ । संविधानले तीन तहका सरकारहरूबिच अधिकार बाँडफाँड गरी उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरेको छ । नेपालको संविधान (भाग १९, अनुसूची ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पोसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरुप स्थानीय तहहरूले राजस्व अधिकारको प्रयोग गरी कर तथा गैरकर सङ्कलनका आधारभुत मान्यता अनुरुप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन् । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहलाई विभिन्न किसिमका राजस्वको स्रोत, सम्भाव्य राजस्वको पहिचान, सङ्कलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ । खासगरी स्थानीय तहको उद्देश्य भनेको स्थानीय सरकारलाई वित्तीय रूपमा सबैल बनाउने, स्थानीय तहको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान स्थानीय तहले प्राप्त गर्दछन् । त्यसैगरी सङ्घ तथा प्रदेश सरकारबाट असुल हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय तहलाई बाँडफाँड हुने प्रावधान रहेको छ । यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा हुन सक्दैन । खर्च आवश्यकता र स्रोतका बिच अन्तर कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबिच बाँडफाँड गरिएको छ । सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएकोछ । नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरूले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ । नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ ।

स्थानीय तहहरूले आफूलाई तोकेको कार्य र जिम्मेवारी पुरा गर्नको लागि वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ । वर्तमान अवस्थासम्म अधिकांश स्थानीय तहहरू सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य स्रोतमा निर्भर रहेको देखिन्छ । संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग

गर्ने क्रममा स्थानीय तहहरू, प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक स्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा कानुन सम्मत ढङ्गले वृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लिखित कार्य गर्नको लागि स्थानीय तहहरूसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

यही खाँचोलाई पूरा गर्ने सन्दर्भमा कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको हिमा गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजनाले स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई बजेट तर्जुमा प्रक्रियालाई थप व्यबस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

सरकारले विभिन्न क्षेत्रमा गर्ने विकासका कार्यलाई व्यवस्थित गरी जनताको चाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो मात्रामा लगानी वा पूँजिको आवश्यक देखिन्छ । हाल नेपालको राज्य सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले व्याख्या गरेको छ । स्थानीय तहलाई विकास निमार्णको लागि सङ्घ र प्रदेश सरकारबाट विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँडबाट उपलब्ध हुन्छ । यसका साथै स्थानीय तहमा पनि विभिन्न शीर्षकमा राजस्व उठाउने अधिकार दिइएको हुन्छ । जस अन्तर्गत विभिन्न कर तथा सेवा शुल्कका साथै दण्ड जरिवाना जस्ता कर पनि लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय तहले अन्य स्वदेशी तथा वैदेशिक सङ्घ संस्थाहरूबाट अनुदान रकम, सहयोग पनि प्राप्त गर्न सक्ने छ । यसका साथै स्थानीय तहले आन्तरिक ऋण पनि लिन सक्ने कानुनी व्यवस्था छ । उक्त कार्यको लागि वित्त आयोगको सिमा र अधिकारभित्र रही ऋण लिन सक्ने प्रावधान रहेको छ ।

माथि उल्लिखित विभिन्न संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन गर्न गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने प्रशस्त अधिकार र क्षेत्रहरू दिएको भएता पनि ती अधिकारलाई व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रूपमा परिचालन गर्न सकिरहेका छैनन । यसको सम्भावित प्रमुख कारणहरूमा स्थानीय तहको नयाँ संरचना भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको उपयुक्त व्यवस्थापन नहुनु, सूचनाहरू अद्यावधिक नहुनु, आयको सम्भाव्यता अध्ययन नहुनु, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

उल्लिखित अवस्थाहरूमा सुधार ल्याउनका लागि आन्तरिक आयको अवस्था विश्लेषण गरी सुधारका मार्गहरूपय पहिचान, राजस्व बृद्धिका सम्भावनाहरूको खोजी गर्नु, राजस्व प्रशासनको विद्यमान संगठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरू पहिल्याउन र आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्नु नितान्त आवश्यक हुनेहुँदा यस प्रतिवेदनमा कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको हिमा गाउँपालिकाकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यहरू

हिमा गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको सम्भावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न यस कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

(क) स्थानीय तहका जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।

(ख) विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।

(ग) आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।

(घ) स्थानीय तहको राजस्व प्रशासनको सँगठनात्मक संरचना, राजस्व सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।

(ङ) स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।

(च) नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

(छ) स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानुनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: १) ।

म




चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू

**पहिलो चरण: सन्दर्भ सामाग्री सङ्कलन तथा समीक्षा**

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको सङ्कलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा कर्णाली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### दोस्रो चरणः अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७८/१२/२३ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसूची २ मा दिईएको छ ।

### तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व  सम्बन्धी कानुनहरु, प्रगति विवरणहरु, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरुबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसँगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्यांकहरु सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियोः

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणीकरण गरिएको थियो । यसरी प्रमाणीकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे

अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार सङ्कलन गरिएको थियो ।

### चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ । सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ । राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक वृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को **अनुसूची ४** अनुसार गरिएको छ ।

### पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य राजस्व सम्बन्धी

विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरुबाट परिक्षण गराइएको थियो ।

**छैठौं चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन**

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

**सातौ चरणः अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण**

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बिचमा मिति २०७९/०३/०५ गते यस गा.पा.का अध्यक्ष श्री लक्षमण बहादुर शाही ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाव तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरुको सुची अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

**आठौं चरणः अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सिमा

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्न अनुसारको सीमामा रही तयार गरिएको छ ।

- राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवम् प्रमाणिक तथ्याङ्क नभएको अवस्थामा सहभागीहरूसँगको अर्न्तक्रियाबाट सम्पुष्टि गरिएको थियो ।
- यस राजस्व सुधार कार्ययोजना गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सूझाब र सूचनाको आधारमा तयार गरिएको हो ।

- गाउँपालिकाको गठन भएको तीन वर्ष पनि पुरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकाले ऐतिहासिक प्रवत्ति देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क र सूचनाको अभावमा पूर्णरूपमा तथ्याङ्कीय विधिको प्रयोग गरी राजस्व प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद दुईः गाउँपालिकाको सक्षिप्त परिचय

परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मावन शंसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ ।

## २.१ गाउँपालिको गठन तथा नामांकरण

कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लामा पर्ने यो गाउँपालिकाराज्य पुर्नसंरचना गर्दा साविकका बड्की, कालिकाखेतु, महावैपाथरखोला गाविसलाई मिसाएर वि.सं.२०७३ मा गठन गरिएको हो । खस सभ्यता र नेपाली भाषाको उद्भव भूमि सिंजा क्षेत्रमा अवस्थित यस क्षेत्रको साँस्कृतिक तथा ऐतिहासिक रुपले महत्वपूर्ण ऐतिहासिक र पुरातात्विक क्षेत्र हो । सिंजा क्षेत्र भएर बहने हिमा नदि यही गाउँपालिकाका खेती योग्य भुभागलाई सिंचित गर्दै बगेको छ । यही नदिको नामबाट यस गाउँपालिकाको नाम हिमा गाउँपालिकाको नामाकरण गरिएको हो ।

## २.२ प्रशाशनिक विभाजन

यस गाउँपालिकालाई प्रशासनिक विभाजनका आधारमा हेर्दा जम्मा ७ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १३२.३२ वर्ग कि.मी. रहेको छ । क्षेत्रफलका हिसाबले यस गाउँपालिकाको वडा नं. १ सबैभन्दा ठूलो (३८.३३ वर्ग कि.मी.) तथा वडा नं. ४ सबैभन्दा सानो (८.१२ वर्ग कि.मी) रहेको छ । यस गाउँपालिकाको प्रशासनिक विभाजन (वडा विभाजन) तथा क्षेत्रफल तलको तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १: वडा अनुसारको क्षेत्रफल**

| वडा नं. | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|
| १ | वड्की | ३८.३३ |
| २ | ओदी | १२.८४ |
| ३ | मोफ्ला | २०.३४ |
| ४ | कालिकाखेतु | ८.१२ |
| ५ | बुअ | २३.५९ |
| ६ | महावैपाथर खोला | १७.५९ |
| ७ | धाचुगाँउ | ११.५१ |
| | **जम्मा** | **१३२.३२** |

स्रोतः हिमा गाउँपालिकाको प्रोफाइल, २०७५

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

यस गाउँपालिकाको कुल क्षेत्रफलको अधिकांस भू-भाग (करिब ७१ प्रतिशत भू-भाग) वन तथा घासे मैदानले ओगटेको छ भने करिव २७ प्रतिशत भू-भाग खेतीयोग्य जमिनले ओगटेको पाइन्छ । यस गाउँपालिकाको पहाडको माथिल्लो भागका अधिकांस स्थानमा वन तथा खर्कहरू रहेका छन् । गाउँपालिकालाई मुलप्रवाह क्षेत्र बनाएर अविरल बगिरहने हिमा नदि लगायतका सहायक नदि तथा खोलाहरू यहाँको मुख्य प्राकृतिक सम्पदाहरू हुन् ।

यस गाउँपालिकाको भौगोलिक अवस्थिति हेर्दा २९ डिग्री १२ मिनेट १० सेकेन्ड देखि २९ डिग्री २० मिनेट २० सेकेन्ड उत्तरी अक्षांश र ८१ डिग्री ५५ मिनेट ५० सेकेन्ड देखि ८२ डिग्री ०२ मिनेट २५ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा तिला गाउँपालिका, पश्चिममा कालीकोट जिल्ला, उत्तरमा सिंजा गाउँपालिका र दक्षिणमा कालीकोट जिल्ला पर्दछ । यो गाउँपालिकाको क्षेत्रफल १३२.३२ वर्ग कि.मी. रहेको छ ।




चित्र २: गाउँपालिकाको भौगोलिक अवस्थिति

## २.४ वडागत रूपमा घरधुरी तथा जनसङ्ख्या

यस गाउँपालिकामा घरपरिवार सर्बेक्षण २०७५ अनुसार १८९३ घरधुरीहरूमा १२,२५५ जनसङ्ख्या रहेको छ । २०६८ को जनगणना अनुसार यस गाउँपालिका १०,५५३ जनसङ्ख्या रहेको थियो । घरपरिवार सर्बेक्षण २०७५ अनुसार वडा नं १ मा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ भने वडा नं २ मा सबैभन्दा कम जनसङ्ख्या रहेको छ । हालको औषत घरपरिवारको आकार ३.४ र लैंगिक अनुपात १०८.४९ रहेको छ । यस गाउँपालिकाको जनघनत्व ९२.६३ जना प्रति व.कि.मी. छ । यस गाउँपालिकाको वडा अनुसार जनसङ्ख्या तथा घरधुरी विवरण तलको तालिका नं. २ मा दिइएको छ ।

**तालिका २: वडा अनुसार जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ३३० | १०५५ | १०५७ | २११२ |
| २ | १८५ | ७०९ | ५९८ | १३०७ |
| ३ | ३३५ | १०६५ | ९५२ | २०१७ |
| ४ | २३२ | ७१९ | ७०४ | १४२३ |
| ५ | २५४ | ९६७ | ८६१ | १८२८ |
| ६ | २४८ | ८१३ | ७८६ | १५९९ |
| ७ | ३०९ | १०४९ | ९२० | १९६९ |
| **जम्मा** | **१८९३** | **६३७७** | **५८७८** | **१२२५५** |

स्रोतः वस्तुगत विवरण, हिमा गाउँपालिका, २०७५

## २.५ आर्थिक अवस्था

गाउँपालिकाको पार्श्वचित्र र स्थलगत अध्ययन अनुसार यस गाँउपालिकाको मुख्य पेसा कृषि तथा पशुपालनमा रहेको छ । यस गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये कृषि तथा पशुपालनमा ४४.९९ प्रतिशत, नोकरी तथा जागिरमा २.४६ प्रतिशत, उद्योग, व्यापार तथा व्यवसायमा ०.८९ प्रतिशत र बैदेशिक रोजगारमा २१.१४ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाइन्छ ।

**पेसागत विवरणः** यस गाउँपालिकाको मुख्य पेसा कृषि रहेको छ । यस गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये कृषि तथा पशुपालनमा ४४.९९ प्रतिशत, नोकरी तथा जागिरमा २.४६ प्रतिशत, उद्योग, व्यापार तथा व्यवसायमा ०.८९ प्रतिशत र बैदेशिक रोजगारमा २१.१४ प्रतिशत जनसङ्ख्या संलग्न रहेको पाइन्छ ।

**कृषिः** यस गाउँपालिकाको प्रमुख पेसाको रूपमा कृषि रहेको छ । कृषि कार्यमा सम्लग्न मध्ये १६९९ घरपरिवार आफ्नै नामको जग्गामा काम गर्ने रहेका छन् । अरुको नामको जग्गामा कृषि कार्य गर्ने घरपरिवार ९५ रहेका छन् । यस गाउँपालिकामा अन्न, दलहन, तलहन, तरकारी र फलफुल उत्पादन हुने पर्दछ । अन्नबालीमा धान, मकै, जौ, कोदो मुख्य रहेका छन् । नगदे बाली अन्तर्गत सिमि र आलु रहेको छ । तरकारीमा विषेसगरी बन्दा, गोलभेडा, प्याज, अदुवा खेति गरिन्छ । यस गाउँपालिकामा विभिन्न ९ वटा व्यवसायिक कृषि फर्म मार्फत व्यवसायिक कृषि गर्ने गरेको पाइन्छ । यस गाउँपालिकामा रहेका १८९३ घरपरिवार मध्ये ३९ घर परिवारमा मात्र ९ महिना देखि १ वर्षसम्म आफ्नै उत्पादनले खान पुग्दछ । ३ महिना मात्र पुग्ने घरपरिवार ८३८ रहेको छ ।

**पशुपालनः** यस गाउँपालिकामा पशुपालन आयस्रोतको महत्वपूर्ण अंगको रूपमा रहेको छ । यस गाउँपालिकामा पशुपालनको अवस्था हेर्दा कुल १८९३ घरपरिवार मध्ये १६२८ घरपरिवारले पशुपन्छीपालन गर्ने गरिएको छ । दुध, घिउ, मासु, ऊन तथा अन्डाका लागि पशुपन्छीपालन गरेको पाइन्छ । गाई तथा भैंसीबाट वार्षिक रूपमा कुल १९३८१ लिटर दुध तथा घिउ उत्पादन गर्ने गरेको देखिन्छ । यस गाउँपालिका क्षेत्रमा मासुजन्य पशुपन्छीपालन अन्तर्गत ७४०६ भेडाबाखा र ६६७१ पन्छी रहेको पाइन्छ । भेडा वा बाखा र पन्छीबाट क्रमशः ४३३२५ केजी र १३८१ केजी मासु उत्पादन हुने गरेको देखिन्छ भने २९८ केजी ऊन उल्पादन गरेको पाइन्छ ।

**पर्यटन (प्रशिद्ध स्थलहरू):** यस गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट धनी छ । यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावना बोकेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासक स्थलहरूमा कायामर्क्षे, देवस्थान, धारी खोला, धानचौरी, महादेव धार्मिक स्थल, गाता धार्मिक स्थल, नौमुडे मन्दिर, शिव मन्दिर, महारुद्र थान, रामाचुल्ला थान, मुलमाई थान तथा गोठिलो झरना रहेका छन् ।

**सिंचाईः** यस गाउँपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जग्गामा उपलब्ध गराइएको सिंचाई सुविधाका लागि मौसमी र वर्षैभरी सिंचाईको उपलब्धता हुने गरी जम्मा १० वटा कुलो तथा सिंचाई आयोजनाहरू रहेको छन् । जसमध्ये ७ वटा वर्षभरी र ३ वटा मौषमी कुलो तथा आयोजनाहरूबाट सिंचाई सुविधा उपलब्ध भएको पाइन्छ ।

**यातायात पहुँचः** गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरूमा बस, जीप र मोटरसाईकल सञ्चालन हुने गरेको छ । राजमार्ग देखि अन्य भागमा जाने सडक कच्ची तथा निर्माणाधिन रहेका छन् । यस गाउँपालिकाभित्र निर्माण सडकको कुल लम्बाई १९७ कि.मि. कच्ची सडक रहेको छ । जसबाट ५१०० जनसङ्ख्या लाभान्वित भएको पाइन्छ । यस गाउँपालिका रहेका मुख्य सडकहरूमा नाग्म-गमगढी राजमार्ग, माडुखोला-ओदी सडक र मोफ्ला कुडारी ग्रामिण सडक रहेका छन् ।

**उद्योग, व्यापार व्यवसाय तथा कलकारखाना:** यस गाउँपालिकाको व्यापार व्यवसायको सङ्ख्या हेर्दा यस क्षेत्रमा किराना पसल, कपडा पसल, मासु पसल, तरकारी तथा फलफुल बिक्री केन्द्र, दुध चिस्यान तथा बिक्री केन्द्र, निर्माण सामाग्री पसल, औषधी पसल वा क्लिनिक, मर्मत सेवा केन्द्र, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसल, सुनचाँदी पसल, चिया, खाजा वा नास्ता पसल र कस्मेटिक तथा व्युटी पार्लर जस्ता कुल ११३ व्यापार व्यवसायहरू विभिन्न वडामा सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा रहेका पानीघट्ट, कुटानी पिसानी मिलहरूको सङ्ख्या हेर्दा ६२ वटा परम्परागत पानी घट्ट, १५ वटा सुधारिएको घट्ट, कुटानी पिसानीका लागि डिजेल मिल ३ वटा र पानी मिल १ वटा, विद्युत मिल ३ वटा रहेका छन् । त्यसैगरी ३ वटा फर्निचर उद्योग र ८ वटा नर्सरी रहेका छन् ।

**मुख्य व्यापारिक केन्द्रहरू:** यस गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रहरूमा वागबजार (हिमा-५), जुगाड (हिमा-४) र कोइरेली (हिमा-२) रहेका छन् ।

**विद्युत सुविधा:** घरपरिवार सर्वेक्षण २०७५ अनुसार यस गाउँपालिकामा बत्तीको लागि उपयोग गरिने इन्धनको रूपमा बिजुली, सोलार लगायतका रहेका छन् । जस मध्ये ५२.८८ प्रतिशत सोलार रहेको छ भने ४६.९६ प्रतिशतले घरपरिवारले विद्युतलाई बत्ती बाल्न प्रयोग गर्ने गरेका छन् । त्यसैगरी खाना पकाउने मुख्य इन्धनको रूपमा सबै भन्दा बढि ९९.७८ प्रतिशत घरपरिवारले दाउरा र वाँकी ७ घरपरिवारमा अन्य इन्धन उपयोग गर्ने गरेको पाइन्छ । गाउँपालिकाको विभिन्न स्थानहरूमा गरी ८ वटा बैकल्पिक ऊर्जाका स्रोतहरू रहेका छन् ।

**संञ्चार सुविधा:** यस गाउँपालिकामा उपलब्ध सेवा सुविधालाई हेर्दा ५८६ घरपरिवारले रेडियो, १०३ घरपरिवारले टेलिभिजन, १० घरपरिवारले कम्प्यूटर र १७०४ घरपरिवारले मोवाइल/टेलिफोनको सुविधाको उपयोग गरेको देखिन्छ ।

**खानेपानी तथा सरसफाई:** यस गाउँपालिकामा सबै भन्दा बढी घरपरिवारले सार्वजनिक धाराको पानी उपयोग गर्ने गर्दछन् । जसमा कुल घरपरिवार मध्ये १७८२ (९४.१४ प्रतिशत) घरपरिवारले सार्वजनिक धाराको पानी, १०३ (५.४४ प्रतिशत) घरपरिवारले निजी धाराको पानी, ७ (०.३७ प्रतिशत) घरपरिवारले मुलको पानी भने १ (०.०५ प्रतिशत) घरपरिवारले मुलको पानी उपयोग गरेको पाइन्छ । यस गाउँपालिकाको शौचालयको प्रयोगको अवस्थालाई हेर्दा कुल घरपरिवार मध्ये सबैभन्दा बढी १८२७ (९६.५१ प्रतिशत) घरपरिवारले सामान्य शौचालय प्रयोग गरेको पाइन्छ । सुधारिएको शौचालय (पल्स भएको) शौचालयको सङ्ख्या प्रयोग गर्ने घर परिवारको सङ्ख्या ६२ (३.२८ प्रतिशत) रहेको पाइन्छ भने शौचालय नभएको घर परिवार ४ ( ०.२१ प्रतिशत) रहेको छ ।

**भवन तथा आवास:** यस गाउँपालिकाका बसोबास गरेको घरको स्वामित्व अनुसार परिवार सङ्ख्याको विश्लेषण गर्दा निजी घरमा बसोबास गर्ने ९९.१ प्रतिशत रहेको छ भने भाडाको घरमा बसोबास गर्ने ०.९ प्रतिशत मात्र रहेको छ । यस गाउँपालिकाको अन्तर्गत रहेका

घरका छानाको आधारमा वर्गीकरण गर्दा माटोको छाना भएका घरहरू ८८.४३ प्रतिशत, जस्ताको छाना भएको घरहरू ९.४६ प्रतिशत रहेको पाइन्छ भने आरसिसि ढलान गरेको घरहरू जम्मा १.९५ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी घरको जगको आधारमा वर्गीकरण गर्दा माटो वा ढुङ्गाको जग भएको घरहरू ९९.१५ प्रतिशत, काठको खम्बा भएका ०.१६ प्रतिशत र सिमेन्ट वा ढुङ्गाको जग भएका घरहरू ०.२ प्रतिशत रहेको छ । यस गाउँपालिकाका ९ वटा सार्वजानिक तथा सामुदायिक भवनहरू रहेका छन् ।

**शिक्षाः** यस गाउँपालिकामा शैक्षिक क्षेत्रको विकासका लागि ७ वटा बाल विकास केन्द्र, कक्षा १ देखि ८ सम्म सञ्चालित १५ वटा आधारभूत विद्यालय र ५ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । पाँच वर्ष र सो भन्दा माथिको शैक्षिक स्तरको विश्लेषण गर्दा विभिन्न तहको शैक्षिक उपलब्धी हासिल गर्नेमा पूर्व प्राथमिक, १५१५ जना, आधारभुत २३५९ जना, माध्यमिक २१५६ जना, स्नातक २२५ जना, स्नातकोत्तर ५८ जना, एम फिल वा माथि ४७ जना, प्राविधिक एस.एल.सी. २२ जना रहेका छन् । साधारण लेखपढ गर्नेको सङ्ख्या १५२८ जना रहेको छ भने २९१९ जना जनसङ्ख्या निरक्षर रहेका छन् ।

**स्वास्थ्यः** यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा बड्की स्वास्थ्य चौकी, सामूदायिक स्वास्थ्य इकाई ओदी, प्राथमिक स्वास्थ्य केन्द्र कालिका खेतु, महाबैपाथर खोला स्वास्थ्य चौकी रहेका छन् । यी ४ वटा स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्यकर्मीको स्वीकृत दरबन्दी सङ्ख्या २५ जना रहेकोमा ३३ जना कार्यरत रहेको पाइन्छ । प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुमा ३ शैय्या सङ्ख्या सहित प्रसुती सेवा, ल्याव, क्लिनिक लगायतका सेवा उपलब्ध छन् । यिनै स्वास्थ्य संस्थाहरूबाट यस गाउँपालिका तथा छिमेकी स्थानीय तहका मानिसहरूले सामान्य स्वास्थ्य सुविधा प्राप्त गरेका छन् । यी स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूमा विशेषज्ञ चिकित्सक बाहेक सामान्य चिकित्सक, हे.अ. नर्स, अहेव, अनमी तथा ल्याव टेक्निसियन रहेका छन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारीः** घरपरिवार सर्बेक्षण २०७५ को तथ्याङ्क हेर्दा यस गाउँपालिकाका कुल १८९३ घरपरिवार मध्ये ८३१ घरपरिवारको विभिन्न बैंकमा खाता रहेको छ भने १०६२ घर परिवारको कुनै पनि बैंकमा खाता रहेको पाइदैन ।

## २.६ गाउँपालिकाको मानवीय संशाधन

नेपालको संविधान जारी भए पश्चात् सङ्घीयता कार्यान्वयनका पहिलो चरण स्वरूप स्थानीय तहको निर्वाचन (पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते) सम्पन्न भई स्थानीय तहको गठन भएको हो । हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । यस गाउँपालिकाको कर्मचारीको स्वीकृत दरबन्दी सङ्ख्या सम्बन्धी विवरण तलको तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३: गाउँपालिकाको कर्मचारीको स्वीकृत दरबन्दी विवरण**

| क्र. सं. | पद | तह | सेवा | स्वीकृत दरवन्दी सङ्ख्या | कैंफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | १ | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जिनियरिङ | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | १ | |
| ४ | लेखा अधिकृत | ७/८ औं | लेखा प्रशासन | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | २ | |
| ६ | आन्तरिक लेखा परिवेक्षक | ५/६ औं | लेखा प्रशासन | १ | |
| ७ | प्रशासन सहायक | ५ औं | प्रशासन | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | प्रशासन | १ | |
| ९ | लेखा सहायक | ५ औं | लेखा प्रशासन | १ | |
| १० | प्रा.स | ५ औं | शिक्षा | ४ | |
| ११ | हे.अ | ५ औं | स्वास्थ्य | १ | |
| १२ | स.ई. | ५ औं | इन्जिनियरिङ | ४ | |
| १३ | अ.स.ई. | ५ औं | इन्जिनियरिङ | ५ | |
| १४ | स.म.विनी | ५ औं | विविध | १ | |
| १५ | खा.पा.सटे | ४/५ औं | इन्जिनियरिङ | १ | |
| १६ | सहायक | ४ औं | प्रशासन | ४ | |
| | | | **कुल जम्मा** | ३३ | |

स्रोतः स्थलगत सर्बेक्षण, २०७८

**तालिका ४: गाउँपालिकामा हाल कार्यरत कर्मचारी विवरण**

| क्र.सं. | पद | कार्यरत सङ्ख्या | कैंफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | |
| २ | सूचना प्रविधि अधिकृत | १ | |
| ३ | शिक्षा अधिकृत | १ | |
| ४ | जनस्वास्थ्य अधिकृत | १ | |
| ५ | भेटेनरी अधिकृत | १ | |
| ६ | सूचना अधिकारी | १ | |
| ७ | शिक्षा प्रविधिक सहायक | १ | |

| क्र.सं. | पद | कार्यरत सङ्ख्या | कैंफियत |
|---|---|---|---|
| ८ | नायव सुब्बा | ३ | |
| ९ | सबै इन्जिनियर | १ | |
| १० | सब ओभरसियर | १ | |
| ११ | खा.प.स.टे. | १ | |
| १२ | खरिदार | २ | |
| १३ | कार्यलय सहयोगी | १ | |
| | **कुल जम्मा** | **१६** | |

स्रोतः गाउँपालिकाको वेभसाइट, २०७९

## २.७ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस गाउँपालिकाको आफ्नै कार्यालय भवन नभएको हुनाले हाल भाडाको घरबाट कार्यालय सञ्चालन भैरहेको छ । यस गाउँपालिकाका वडा नं. २, ३, ४ र ७ को आफ्नै कार्यलय भवन रहेको छ भने वडा नं. १ र ५ ले साविकको गा.वि.स भवनलाई नै वडा कार्यालय बनाएर कार्यालय सञ्चालन भैरहेको छ । वडा नं. ६ को साविकको आफ्नो भवन जिर्ण भएकोले कार्यालय सञ्चालनका लागि भाडामा लिइएको छ । यस गाउँपालिकामा भएका भौतिक सम्पत्तिको विवरण तालिका नं. ५ मा राखिएको छ ।

**तालिका ५: गाउँपालिकाको भौतिक सम्पतिको विवरण**

| क्र.सं. | भौतिक सम्पति | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यलय भवन | ६ | वडा नं. २, ३, ४ र ७ को आफ्नै कार्यलय भवन तथा वडा नं. १ र ५ ले साविकको गा.वि.स भवन |
| २ | एम्बुलेन्स | १ | |
| ३ | मोटरसाइकल/स्कुटर | २५ | |
| ४ | जेनेरेटर | १ | |
| ५ | इन्भटर | १ | |
| ६ | प्रोजेक्टर | १ | |

स्रोतः स्थलगत सर्बेक्षण, २०७८

# परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरूलाई शीर्षकगत रूपमा विश्लेषण गरिएको छ । यस विश्लेषणले गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्तर्गत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ। चित्रमा राजस्व अधिकारहरूलाई देखाइएको छ ।




सङ्घीय कानुन अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ:

### (क) गाउँपालिकाको एकल अधिकार:

### १) कर

- **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*

- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*

- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।

- **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।

- **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।

- **जडिबुटी, कवाडी र जीवजन्तु कर:** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्क:** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।

- **पार्किङ् शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।

- गाउँपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) ।

- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।

- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर

- एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।

- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**७) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल

- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्न अनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
    - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
    - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
    - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रूपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ससर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिबै कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने ( संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।

- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ । तालिका ६ मा आयका शीर्षक र सम्भावनाहरू प्रस्तुत गरिएको छ ।

**तालिका ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | सम्भावना भएको | दर निर्धारण भएको | पूर्णरूपमा सङ्कलन नभएको |
| २ | सम्पत्ति कर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सम्भावना नभएको | दर निर्धारण भएको | प्रदेश |
| ४ | घर जग्गा बहाल कर | सम्भावना भएको | दर निर्धारण भएको | पूर्णरूपमा नै प्रयोग भएको |
| ५ | व्यवसाय कर | सम्भावना भएको | दर निर्धारण भएको | पूर्णरूपमा भएको |
| ६ | जडीवुटी, कबाडी र जीवजन्तु कर | सम्भावना भएको | दर निर्धारण भएको | आवश्यकता अनुसार |
| ७ | विज्ञापन कर | सम्भावना भएको | भएको | सङ्कलन भएको |
| ८ | मनोरञ्जन कर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | सम्भावना भएको | दर निर्धारण भएको | कार्यान्वयन नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | सम्भावना भएको | दर निर्धारण भएको | कार्यान्वयन नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | सम्भावना भएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ४ | नक्सापास दस्तुर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| ५ | व्यक्तिगत घटना बिलम्ब दर्ता शुल्क | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| ६ | बहाल बिटौरी शुल्क | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ७ | पार्किङ्ग शुल्क | सम्भावना नभएको | दर निर्धारण भएको | सङ्कलन नभएको |
| ८ | अस्पताल सञ्चालन | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १० | स्थानीय खानेपानी महसुल | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | सम्भावना नभएको | दर निर्धारण नभएको | बस्तीबाट साधारण निर्माणका लागि उठाउने |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १३ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवा मा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | सम्भावना भएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १४ | मूल्याङ्कन सेवा शुल्क | सम्भावना भएको | दर निर्धारण भएको | कार्यान्वयन नभएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर सम्भावना नभएको (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | सम्भावना भएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १६ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, | सम्भावना | दर निर्धारण | सङ्कलन |

| क.सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| | खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | नभएको | नभएको | नभएको |
| १७ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| १८ | दण्ड जरिवाना | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |

**स्रोतः** स्थलगत सर्भेक्षण, २०७८

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्वका विभिन्न शीर्षक अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन् जस अनुसार प्रमुख क्षेत्रहरू राजस्व र विज्ञापन करका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र नं. ३)।




चित्र ३: राजस्व तथा करका विभिन्न शीर्षकहरू

### ३.३.१ कर राजस्व

गाउँपालिकाको राजस्वका विभिन्न स्रोतहरू मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरू यस प्रकार रहेका छन्:

#### (क) सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको हुँदा उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ।

**विद्यमान अवस्था:** यस गाउँपालिकाले कानुनी प्रावधान अनुरुपको सम्पत्ति कर निर्धारण गरेको छ । सम्पत्ति कर (तत्कालिन एकीकृत सम्पत्तिकर) लागू गर्ने उद्देश्य अनुसार यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ३ मा सम्पति करलाई उल्लेख गरिएको छ । गाउँपालिकाले आ.व.२०७५/७६ मा एकिकृत सम्पति कर र घरजग्गा कर शीर्षकमा रु. १,५०,००० प्राप्त हुने अनुमान गरेकोमा रु. ६,३८,५७३.५० असुल भएको देखिन्छ । यसैगरी आ.व. २०७६/७७ का लागि रु. १,५०,००० अनुमान गरेकोमा रु. २,३६,३११.५० असुल भएको देखिन्छ भने यसैगरी आ.व.२०७७/७८ का लागि रु. १,८०,००० अनुमान गरेकोमा रु. ३,७५,०१५ असुल भएको देखिन्छ । यस गाउँपालिकामा दर्ता भएका करदाता सङ्ख्या ७९१ रहेको छ ।

**सम्भाव्यता:** यस गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७५ र स्थलगत अध्ययन अनुसार यहाँ कुल १८९३ घरधुरी रहेका छन् । विद्यमान कानुनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल १८९३ घरधुरीलाई नै कुल सम्पत्ति करदाता सङ्ख्या कायम गरिएको छ । तसर्थ गाउँपालिका प्रोफाइलमा उल्लेख भए बमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरूलाई कच्ची र फुस/खरले छाएका घर, ढुंगा, काठ, माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुगांले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लिखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ । यस अनुसार हुन आउने सम्पत्ति करको गणना निम्न अनुसार रहेको छः

**तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर**

| करदाता सम्बन्धी विवरण | करदाताको सङ्ख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|
| कच्ची र फुस/खरले छाएको घर भएका करदाता | - | - | - |
| ढुंगा, काठ, माटो र टायल/टिनको छानोको घर भएका | १८९० | २५० | ४,७२,५०० |
| टायल वा ढुगांले छाएका सिमेन्टेड घर भएका करदाता | - | - | - |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | ३ | ८०० | २४०० |
| **जम्मा** | **१८९३** | | **४,७४,९००** |

स्रोतः गाउँपालिकाको वस्तुगत विवरण, २०७५

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागि यस गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्न अनुसार रहेको देखिन्छ :

- सम्पत्ति करलाई घर करको शीर्षकमा नराखि सम्पत्ति करको शीर्षकमा राख्नुपर्ने ।
- चालु आ.व.को आर्थिक ऐनमा दफा अनुसार अनुसूची नभएकाले आगामी आवमा त्यसलाई सच्याएर दफा अनुसारका अनुसूची मिलान गरी बनाउने
- घर करको रूपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम सञ्चालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्यटरमा राखेर गाउँपालिका कार्यालय तथा सबै वडाहरूबाट सङ्कलन गर्ने
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

## (ख) मालपोत वा भूमिकर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ ।

**विद्यमान अवस्था:**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । यस गाउँपालिकाको आर्थिक ऐनको अनुसूची १ अनुसार सम्पत्ति कर लगाइने र असुल उपर गरिएको थियो भनी उल्लेख गरिएको छ । गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस गाउँपालिकामा ९८९६ रोपनी जमिन खेतीपातीका लागि उपयोग भएको देखाएको छ । यसमध्ये घर घडेरीलाई सम्पत्ति करको स्रोतका रूपमा लिएपछि बाँकी रहने जमिनमा मालपोत वा भूमिकर लगाउनु पर्दछ । यसै गरी घर तथा घडेरी प्रयोजनको लागि आउने जग्गाहरूलाई तलको तालिका अनुसार वर्गिकरण गरेको छ । जग्गाको विभिन्न वर्गिकरण अनुसार कर सङ्कलन गर्ने नियममा उल्लेख गरिएको छ । यस गाउँपालिकामा भूमि कर (मालपोत) कोदर निर्धारण भएको भएता पनि पूर्णरूपमा कार्यान्वयन भएको अवस्था देखिदैन ।

**तालिका ८: जग्गा सम्बन्धित विवरण**

| क्र.सं. | जग्गाको वर्गिकरण | न्यूनतम मुल्य (प्रति वर्ग मि. रु) | कैफियत |
|---|---|---|---|
| १ | व्यापारिक क्षेत्र | रु. ५०० | |
| २ | आवासिय क्षेत्र | रु. ३०० | |
| ३ | कृषि क्षेत्र | रु. २५० | |
| ४ | वन तथा बगर क्षेत्र | रु. १०० | |

**सम्भाव्यता:**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । यस गाउँपालिकाले जग्गाको वर्गिकरणको आधारमा मालपोतको दर निर्धारण तथा जमिनको मूल्याङ्कन गरेको देखिन्छ । जस अन्तर्गत व्यापरिक क्षेत्र, आवासिय क्षेत्र, कृषि क्षेत्र र वन तथा बगर क्षेत्र गरी ४ भागमा वर्गिकरण गरेको देखिन्छ । यस गाउँपालिकाको वस्तुगत विवरण, २०७८ अनुसार यस गाउँपालिकाको कुल २१५८ घरधुरी मध्ये ९७.९७% घरधुरीको आफ्नै घर रहेको छ । यस गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस गाउँपालिकामा ९८९६ रोपनी जमिन खेतीपातीका लागि उपयोग भएको देखाएको छ । यस मध्ये घरघडेरीलाई सम्पत्ति करको स्रोतका रूपमा लिएपछि बाँकी रहने जमिनमा मालपोत वा भूमिकर लगाउनु पर्दछ । यस गाउँपालिकामा भूमिकर (मालपोत) को दर निर्धारण भएको भएतापनि पूर्णरूपमा कार्यान्वयन भएको अवस्था देखिदैन । यसर्थ, यस गाउँपालिकामा ९८९६ रोपनी खेतियोग्य जमिन भएकोले प्रति रोपनी रु. २० का दरले कर लगाउँदा वार्षिक रु. १,९७,९२० राजस्व उठ्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन्:

- गाउँपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मुल्य जाने क्षेत्रहरूमा करको दर बढी र बस्ति तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

**(ग) घरजग्गा बहाल कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (१) बमोजिम घर जग्गा बहाल कर लगाइनेछ भनी उल्लेख गरेको छ । यस गाउँपालिकामा ११३ वटा संस्थाहरू सञ्चालनमा रहेको देखिन्छ । ती व्यापार व्यवसायहरू मध्ये कतिपय आफ्नै घर/टहरामा र केही बहालमा लिएर सञ्चालन गरिएका छन् । गाउँपालिकाको बस्तुगत विवरण, २०७८ अनुसार कुल घरपरिवार सङ्ख्या मध्ये १.५८ प्रतिशत मात्र भाडाको घरमा बस्ने देखिन्छ । आ.व. २०७७/७८ मा घरजग्गा बहाल करबाट रु. १९ हजार ५ सय राजस्व सङ्कलन भएको थियो ।

**सम्भाव्यताः**

यस गाउँपालिका क्षेत्रमा ज्यादै न्यून घर तथा जग्गा मात्र बहालमा रहेका छन् । गाउँपालिकाको बस्तुगत विवरण, २०७८ अनुसार ३४ (१.५८ प्रतिशत) परिवार मात्र भाडाको घरमा बसेका छन् । उक्त तथ्याङ्क अनुसार ३४ घरपरिवारले प्रति घरपरिवार वार्षिक १२,००० का दरले घर बहाल बुझउँदा रु. ४,०८,००० बहाल उठ्ने देखिन्छ । सो घर बहालको १० प्रतिशतले हुन आउने रकम रु. ४०,८०० बहाल कर उठ्न सम्भावना देखिन्छ । त्यसैगरी ११३ वटा संस्थाहरूले प्रति संस्था वार्षिक ३०,००० को दरले घर बहाल बुझाउँदा रू. ३३,९०,००० बहाल उठ्ने देखिन्छ । सो को १०% ले हुन आउने रकम रु. ३,३९,००० बहाल कर उठ्न सक्ने देखिन्छ । यसै आधारमा गाउँपालिकाको बहाल कर उठाउँदा वार्षिक रू. ३,७९,८०० बहाल कर उठ्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र बस्ने व्यक्तिहरूको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।
- गाउँपालिकाको स्वमित्वमा भएका खाली जग्गाहरू उपभोगका लागि भाडामा वा लिजमा लगाएर राजस्व/कर प्राप्त गर्न सकिन्छ ।

**(घ) व्यापार व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिका आर्थिक ऐन २०७५ को दफा ४ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (१) बमोजिम व्यवसाय कर लगाइने व्यवस्था रहेको छ । आ.व. २०७६/७७ मा यस शीर्षकबाट रु. ९ हजार ६ सय राजस्व सङ्कलन भएको थियो भने आ.व. २०७७/७८ मा यस शीर्षकबाट रु. ८ हजार ६ सय राजस्व सङ्कलन भएको देखिन्छ ।

**सम्भाव्यताः**

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूको बारेमा उल्लेख गरिएको छ । उक्त गणना अनुसार यस गाउँपालिकामा २११ वटा व्यवसाय सञ्चालनमा रहेको र ५७१ जना व्यवसायमा संलग्न रहेको देखिन्छ । यस गाउँपालिकाका २११ वटा व्यवसायबाट वार्षिक रु. २,१७,९०० व्यवसाय कर सङ्कलन हुने सम्भावना देखिन्छ । यसैगरी नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्व रकम अझ बढ्न सक्ने देखिन्छ । यस गाउँपालिका व्यवसाय सम्बन्धी विवरण तालिका ९ मा देखाइएको छ ।

**तालिका ९: व्यवसाय सम्बन्धी विवरण**

| व्यवसाय | सङ्ख्या | करको औषत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | ७ | ५०० | ३,५०० |
| उत्पादन | ४ | १००० | ४,००० |
| खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | १ | १००० | १,००० |
| थोक तथा खुद्रा व्यापार | १२३ | ८०० | ९८,४०० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | १ | १५०० | १,५०० |
| होटल, लज | ४३ | १५०० | ६४,५०० |
| वित्त, वीमा | २ | २००० | ४,००० |
| शिक्षा | २२ | १५०० | ३३,००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | ५ | १००० | ५,००० |
| घरजग्गा, पेसागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | ३ | १००० | ३,००० |
| **जम्मा** | **२११** | | **२,१७,९००** |

स्रोतः आर्थिक सर्वेक्षण २०७५, केन्द्रिय तथ्याङ्क विभाग

**सुधारका पक्षहरू:**

- गाउँपालिकामा संचालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

### (ङ) जडीवुटी, कबाडी, जीवजन्तु कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत गाउँपालिकाले जडीवुटी, कबाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:**

यस गाउँपालिकामा जडीवुटी, कबाडी, जीवजन्तु कर सम्भावनाको विवरण भएको, करको दर निर्धारण भएको र आवश्यकता अनुसार सङ्कलन गर्ने गरेको कुरा स्थलगत सर्भेक्षण प्रतिवेदनले देखाउँछ । आ.व २०७७/७८ मा कृषि तथा पशुपंक्षी निर्यात वापत भनेर रु. १ लाख ७९ हजार ६ सय राजस्व सङ्कलन गरेको देखिन्छ । यस गाउँपालिकाको सामुदायिक वनहरूबाट सुगन्धवाल, सेतो चिनी, पोकचाल्नो, पाखनवेद, प्रमुख रूपमा रहेका छन् । सामुदायिक वनहरूमा रहेको यस क्षेत्रमा जडीवुटीको उत्पादनबाट राजस्व सङ्कलन हुने गरेको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार आ.व २०७७/७८ मा यस गाउँपालिकाले ६४३० के.जी. जडीवुटी उत्पादन गरेको पाइन्छ ।

**सम्भावना:**

यस गाउँपालिकामा पाइने जडीवुटीहरूमा सुगन्धवाल, सेतो चिनी, सिम्पाडीपात, पाखनवेद, प्रमुख रूपमा रहेका छन् । यस क्षेत्रको सामुदायिक वनहरूमा रहेको जडीवुटीको उत्पादनबाट ठूलो राजस्व सङ्कलन हुने सम्भावनना रहेको छ । सामुदायिक वनले यस्ता वस्तुको सङ्कलन तथा बिक्री गर्दै आएको पाइन्छ । यहाँका प्रत्येक सामुदायिक वन क्षेत्रमा जडीवुटी खेतीलाई अझ बढी प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना रहेको पाइन्छ । त्यसैगरी कबाडी मालसामान र निषेधित जीवजन्तु बाहेक जीवजन्तुको हाड, सीङ, छाला लगायतका बस्तुहरूको व्यवसायिक उपयोग राजस्व सङ्कलन हुने सम्भावना रहेको पाइन्छ । विगतको तथ्याङ्कलाई आधार मान्दा यस शीर्षकबाट २ लाख ४० हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

कबाडी, जडीवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने ।
- जडीवुटीको किसिम अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।

**(च) विज्ञापन कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग) मा विज्ञापन करको दर निर्धारण र सङ्कलन गाउँपालिकाले गर्ने व्यवस्था रहेको छ । यस शीर्षक अन्तर्गत सङ्कलित रकमको ४०% प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ७ मा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची १ बमोजिम बुँदा नं. ५८ मा विज्ञापन करको दर निर्धारण भएको छ । जस अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड/होडिङ बोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ । विज्ञापन कर वापत वार्षिक रु. ३,००० दर निर्धारण गरेको छ । तर, यस गाउँपालिकामा हालसम्म विज्ञापन कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावना :**

यस गाउँपालिकाको सडक तथा व्यापारिक केन्द्रहरूमा विभिन्न व्यवसायिक निकायहरूको विज्ञापन राखी भविश्यमा यस शीर्षकबाट राम्रो राजस्व सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा सडक र बजारको विकास तथा बिस्तारसँगै विज्ञापन सामाग्रीको वृद्धि हुदै जाने अनुमान गरिएको छ । यस गाउँपालिकाको बजार क्षेत्रमा १०० वटा विज्ञापन बोर्डहरू स्थापना हुने अनुमान अनुसार प्रति बोर्ड रु. ५०० का दरले कर लगाउँदा विज्ञापन कर वापत रु. ५०,००० राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क सङ्कलन गर्ने ।
- सङ्कलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्युनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### (छ) साना सवारी कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क) मा गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ६ मा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा करको व्यवस्था गरेको । तर यस गाउँपालिकामा हालसम्म साना सवारी कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकामा हाल साना सवारी करको सङ्कलन सम्भावनाको अवस्था कम देखिन्छ । सडक कालोपत्रे भएमा मात्र मुख्य बजार केन्द्रहरूमा केही रिक्सा, अटो रिक्सा र ई-रिक्सा सञ्चालन हुने सम्भावना देखिन्छ । साना सवारी साधन सञ्चालन नभएको हुँदा यस सम्बन्धी थप विश्लेषण गरिएको छैन ।

## ३.३.२ गैरकर राजस्व

गाउँपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत करको अलावा सेवा शुल्क, दस्तुर, बिक्रीबाट प्राप्त आय लगायतको गैरकर राजस्व पनि हो । यस गाउँपालिकामा यस्ता गैर करका स्रोत परिचालनबाट पनि केही राजस्व सङ्कलन गर्न सक्ने देखिन्छ ।

### (क) बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवम् खानीजन्य बस्तुको बिक्री)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने र त्यसरी बिक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । यस गाउँपालिकामा ढुङ्गा, गिट्टी, बालुवा

बिक्रीको राजस्व दर निर्धारण गरेको भएता पनि रकम सङ्कलन गरेको कुनै अभिलेख देखिदैन । आ.व.२०७८/७९ का लागि यस शीर्षकमा ३ लाख राजस्व सङ्कलन गर्ने अनुमान गरिएको छ ।

**सम्भावना :**

यस गाउँपालिकामा हालसम्म ढुङ्गा, गिट्टी, बालुवा बिक्रीको राजस्व दर निर्धारण गरेको भएतापनि रकम सङ्कलन गरेको कुनै अभिलेख देखिदैन । यस गाउँपालिका भएर बाह्रै महिना बहने खोलाहरू रहेका छन् । नयाँ बजार केन्द्रहरू विकास हुँदै गइरहेको अवस्था हुनाले निर्माण सामग्रीको माग बढ्न सक्ने हुँदा खोलासम्म पुग्ने गरी सडकको राम्रो व्यवस्था भएमा ढुङ्गा, गिट्टी, बालुवा बिक्रीबाट राम्रो राजस्व सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ । यसर्थ, यस गाउँपालिकाले प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्रीबाट वार्षिक रु. ३ लाख सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू :**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका आफैले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ठेक्का नलागुन्जेलका लागि गाउँपालिका स्वयम्ले रकम सङ्कलन गर्ने ।
- गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित सङ्कलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी मापदण्ड भित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

### (ख) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ गाउँपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा ९ मा गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (१) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिने कानुनी

व्यवस्था रहेको छ । आ. ब. २०७४-७५ को गाउँपालिकाको राजस्व तथा अनुदान प्राप्तीको अनुमानमा यस शीर्षकमा रु. १० हजार राजस्व अनुमान गरिएको पाइन्छ । तर, यस गाउँपालिकामा हालसम्म बहाल बिटौरी शुल्क शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावना :**

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरूको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ । सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रबन्ध सम्बन्धित गाउँपालिकाले गर्नुपर्ने भएकोले उक्त गाउँपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरूको खोजी गरी लगत व्यवस्थापन गर्नुपर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ । यसरी सबै तथ्याङ्कहरू अपडेट गरी यस शीर्षकमा रू. २० हजार सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाहरूको खोजीगरी लगत व्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिकाले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## (ग) वन पैदावर बिक्रिबाट प्राप्त शुल्क

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको १० प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।

**विद्यमान अवस्था:**

यस गाउँपालिकाले हालसम्म वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको राजस्व प्राप्त गरेको अवस्था देखिदैन । यस शीर्षकमा राजस्वको दर पनि निर्धारण गरिएको छैन । यस गाउँपालिकाको अधिकांश भूमि वन जंगलले ओगटेको पाइन्छ । गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस गाउँपालिकाको क्षेत्रभित्र १६ वटा सामुदायिक वन रहेको र उक्त वनले करिब १०३२५ हेक्टर क्षेत्रफल ओगटेको पाइन्छ ।

**सम्भावनाः**

यस गाउँपालिकाले वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्रशस्त राजस्व सङ्कलन गर्ने सम्भावना रहेको देखिन्छ । गाउँपालिकाको करिब १०३२५ हेक्टर क्षेत्रफल सामुदायिक वनले ओगटेको र उक्त सामुदायिक वनबाट बिक्री हुने वन पैदावारबाट वार्षिक ६०९७ क्यू. फिट. काठ र ३३८७५ भारी दाउरा उत्पादन भएको देखिन्छ । यस शीर्षकमा राजस्वको दर निर्धारण गरी वन पैदावारको परिमाण सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने हो भने यस शीर्षकमा १ लाख राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकामा रहेका सामुदायीक वन तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- सामुदायीक वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

**(घ) पाकिङ शुल्क**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा १० मा गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउने व्यवस्था गरेको छ । जस अनुसार प्रति घण्टा रु. ५ दर निर्धारण गरेको छ । तर हालसम्म यस गाउँपालिकामा पार्किङ शीर्षक अन्तर्गत राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना :**

यस गाउँपालिकाले पार्किङ सेवा उपलब्ध गराउन कुनै संरचना हालसम्म निर्माण नगरिसकेको र सवारी साधनको सख्या पनि न्यून भएकाले तत्काल पार्किङ शुल्क असुल गर्न सक्ने सम्भावना देखिँदैन ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- यस गाउँपालिकाको स्वामित्वमा रहेका जग्गामा पार्किङका लागि संरचना निर्माण गर्ने ।
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने ।

## (ङ) दर्ता तथा अनुमति दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति तथा नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ ।

**विद्यमान अवस्था :**

यस गाउँपालिकाको आर्थिक ऐनमा दर्ता, अनुमति, नवीकरण शीर्षकवाट आय सङ्कलनका लागि दर निर्धारण गरेको देखिदैन । स्थानीय तहले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि दर्ता, अनुमति तथा नविकरण वापत दस्तुर सङ्कलन गर्न सक्ने व्यवस्था रहेको छ । तर, यस गाउँपालिकाले दर्ता, अनुमति, नवीकरण शीर्षक अन्तर्गत कुनै पनि राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना :**

यस गाउँपालिकामा व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरणबाट राजस्व सङ्कलनको राम्रो सम्भावना रहेको देखिन्छ । हालसम्म यस शीर्षकमा राजस्वको दर निर्धारण गरेको पाइदैन । आगामी वर्षमा यस शीर्षकमा राजस्वको दर निर्धारण गरी व्यापारिक फर्महरूको तथ्याङ्क अध्यावधिक गर्ने र सञ्चालनमा रहेका र नयाँ सञ्चालनमा आउन चाहने फर्महरूलाई इजाजत दिनेहो भने २ लाख राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:**

- व्यापारिक फर्म दर्ता तथा अनुमतीका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### (च) नक्सा पास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाले नक्सापास दस्तुर शीर्षकमा दर निर्धारण गरेको भएता पनि कार्यान्वयन भएको देखिदैन । गाउँपालिकाको आर्थिक ऐनमा नै नक्शापास सम्बन्धी व्यवस्था गर्नुपर्ने देखिन्छ । हालसम्म यस गाउँपालिकाले नक्सापास दस्तुरबाट राजस्व सङ्कलन गरेको देखिदैन । गाउँपालिकाको वस्तुगत विवरण २०७८ अनुसार आ.व. २०७७/०७८ मा ४५ वटा नक्सापास भएको पाइन्छ ।

**सम्भावनाः**

यस गाउँपालिका भित्र नयाँ निर्माण हुने सबै घरहरूको विद्यमान कानुनी व्यवस्था अनुसार नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरूको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन्छ । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गरी भवनको प्रकृति अनुसार नक्सापास दस्तुर निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न सकेमा आगामी वर्ष यस शीर्षकमा रु. १ लाख ५० हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू**

- नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजाने ।
- नक्सापास सम्बन्धी छुट्टै मापदण्ड बनाई सोही अनुसार नक्सापासको प्रावधान लागू गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने ।

### (छ) सिफारिश तथा प्रमाणित दस्तुर :

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानुन बमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषयहरू उल्लेख भएका छन् । यी सिफारिस तथा प्रमाणित गरे वापत गाउँपालिकाले दस्तुर प्राप्त गर्न सक्ने व्यवस्था छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकामा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् दर निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गर्ने व्यवस्था रहेको छ। यस शीर्षक अन्तर्गत व्यक्तिगत रूपमा गरिने सामान्य सिफारिस प्रति पटक रु. १०० देखि रु. ५००, अन्य सिफारिस/संस्थागत सिफारिस प्रति पटक रु. १५००, उद्योग दर्ता सिफारिस प्रति पटक रु. २०००, चार किल्ला प्रमाणित प्रति कित्ता रु. ७००, नाता प्रमाणित प्रति पटक रु. २०० सेवा शुल्क तोकेको छ। यस गाउँपालिकाले आ.व. २०७७/७८ मा ८७५ वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित गरेको पाइन्छ।

**सम्भावना :**

यस गाउँपालिकाले सिफारिश तथा प्रमाणित दस्तुर शीर्षकमा कुनै राजस्व सङ्कलन गरेको अभिलेख प्राप्त नभएपनि सिफारिस वा प्रमाणित गाउँपालिकाको नियमित र निरन्तर कार्य भएकाले यो आम्दानीको एक नियमित स्रोत हुने सम्भावना देखिन्छ । सिफारिश तथा प्रमाणित दस्तुरबाट के कति आम्दानी भयो भन्ने तथ्याङ्क उपलब्ध नहुँदा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ । तापनि यस गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक करिव १००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु २०० भएमा वार्षिक सिफारिश तथा प्रमाणितबाट रु २ लाख आय सङ्कलन हुने सम्भावना रहेको देखिन्छ।

**सुधारका पक्षहरू :**

- शीर्षक अनुसार सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने।
- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने।
- वडाबाट सङ्कलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने।

**(ज) पर्यटन शुल्क**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था :**

यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट पर्यटन शुल्क लिने व्यवस्था गरेको छ । यस गाउँपालिकाले ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोईङ्ग, र ऱ्याफ्टिङ्ग सेवा शुल्क प्रति पटक रु. ५०० र मनोरन्जन कर प्रति स्टल रु. २०० निर्धारण गरेको छ । तरपनि यस गाउँलिकाले पर्यटन शुल्क शीर्षकमा राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना :**

यस गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट धनी छ । यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकीय सम्भावना बोकेका स्थलहरू धेरै रहेको र गाउँपालिकाको वस्तुगत विवरण २०७५ अनुसार वार्षिक ११५० सङ्ख्यामा पर्यटक आगमन भएको देखिन्छ । साथै कतिपय स्थानमा आगामी वर्षहरूमा पर्यटकीय क्षेत्रमा पिकनिक स्पट तयार गरी प्रवेश शुल्क सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ । यसो गरेको खण्डमा यस क्षेत्रमा वार्षिक करिव ५० वटा समूहहरू पिकनिकका लागि आउने र प्रति समूह रु. १००० का दरले सङ्कलन गरेमा जम्मा रु. ५० हजार र १२०० पर्यटकबाट प्रति व्यक्ति रु. २५ का दरले रु. ३०,००० गरी वार्षिक रु ८० हजार सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- पिकनिक स्पटका लागि सम्भाव्यता अध्ययन गरि पुर्वाधार विकास गर्ने ।
- पर्यटकिय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरी गाउँपालिकाको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने ।

**(झ) व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद, बसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रूपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए बमोजिम बिलम्ब शुल्क लिने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

यस गाउँपालिकाले व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको करको दर निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट राजस्व सङ्कलन हुदै आएको छ । यस शीर्षकबाट आ.व.

२०७७/०७८ मा यस गाउँपालिकाले रु. २ लाख ३० हजार ३ सय राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको राजस्व गाउँपालिकाको नियमित आय हुने शीर्षक अन्तर्गत पर्दछ । विगत वर्षहरूको तथ्याङ्कको आधारमा यस शीर्षकमा रु. २ लाख ५० हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्कबाट प्राप्त आयको उचित रूपमा लेखा राख्ने ।
- विपन्न तथा सिमान्तकृत समुदायलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्ने ।

### (ञ) सेवाशुल्क (फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास जस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । हालसम्म यस गाउँपालिकामा गाउँबासीले स्वविवेकले फोहोरमैला व्यवस्थापन गरी आएका छन् । त्यसैले गाउँपालिका क्षेत्रभित्र तत्काल फोहोरमैला व्यवस्थापन सुरु गर्नुपर्ने आवश्यकता देखिन्छ । यस गाउँपालिकाले आ.व. २०७७/०७८ मा एम्बुलेन्स सञ्चालन वापत रु. २ लाख ५० हजार ५ सय राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

यस गाउँपालिका क्षेत्रभित्र आवश्यक सेवाहरू पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क सङ्कलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको स्वामित्वमा रहेको एम्बुलेन्स सञ्चालन वापत रु. ३ लाख २५ हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- गाउँपालिकाको स्वामित्वमा रहेका मेशिन आदिहरू को मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- विभिन्न किसिमका सेवा वाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- भौतिक सम्पत्तिहरूको तथ्याङ्क तथा अभिलेख प्रक्रियालाई व्यवस्थित गर्ने ।

# परिच्छेद चार: आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रूपमा व्याख्या गरिएको छ । यस विश्लेषणबाट गाउँपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्ने देखिन्छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका क्रममा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूसँग कार्ययोजना निर्माणको प्राविधिक सहयोग परामर्शदाताबाट खटिएका टोलीबिच स्थलगत अध्ययनको समयमा यस गाउँपालिकाको राजस्व परिचालन सम्बन्धी नीतिका विषयमा भएको छलफल तथा अन्तक्रिया गरी राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषणलाई तालिका नं. १० मा देखाइएको छ ।

**तालिका १०: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण**

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| **क) संगठनात्मक व्यवस्था** | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ की छैन ? | राजस्व शाखाको व्यवस्था छ | थप व्यवस्थित गर्नुपर्ने । |
| राजस्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | सहायक चौथो पदको कर्मचारी शाखा प्रमुख रहेको अवस्था छ । | कर्मचारीको दरबन्दी बढाउनु पर्ने । |
| राजस्व शाखाले गर्ने कामका लागि कार्य विवरण छ की छैन ? | कार्य विवरण रहेको | कार्य विवरणमा थप सुधार गर्नुपर्ने । |
| कर्मचारीहरूलाई उनीहरूको जिम्मेवारी स्पष्ट र लिखित रूपमा दिईएको छ छैन ? | दिईएको छ | प्रभावकारी कार्यान्वयनका गर्नुपर्ने । |
| कर्मचारीहरूलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्यूटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | सन्तोषजनक रहेको | थप व्यवस्थित गर्नुपर्ने । |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | साधारण रहेको | कर्मचारीलाई क्षमता विकास तालिमको व्यवस्था गर्नुपर्ने । |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | केहि गरिएको छैन | कर्मचारीको क्षमता विकासको तालिमको व्यवस्था गर्नुपर्ने । |
| राजस्व परिचालनका लागि वडालाई दिईएको जिम्मेवारी के छ ? | घटना दर्ता, सिफारिस, एकिकृत सम्पत्ति सम्बन्धी जिम्मेवारी दिइएको | |
| **ख) राजस्व प्रशासन सञ्चालनको अवस्था** | | |
| करदाताहरूको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरू – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | एकिकृत सम्पती कर सफ्टवेयर प्रणाली रहेको | सफ्टवेयर प्रणाली को विकास गरी अभिलेखलाई थप व्यवस्थित गर्नुपर्ने |
| गाउँ/ नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरूको विवरण तथा सोको परिचालन कस्तो छ ? | ठिक छ | सफ्टवेयर प्रणालीको विकास गरी अभिलेखलाई थप व्यवस्थित गर्नुपर्ने |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | मूल्याङ्कन अनुसार कर निर्धारण भएको | सेवा, वस्तु र समय अनुसार मूल्याङ्कन हुनुपर्ने |
| चुहावट हुन सक्ने सम्भावनाहरू के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | एकिकृत सम्पत्ति प्रणालीले केही सहयोग गरेको | चुहावट हुन सक्ने सम्भावनाको पहिचान गरी नियन्त्रणको नीतिलाई कडाई गर्नुपर्ने |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | दण्डको व्यवस्था कार्यान्वयन भएको | दण्डको व्यवस्थालाई थप कडाईका साथ कार्यान्वयन गर्नुपर्ने |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरिवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरूमा कसरी लागु गरिएको छ ? | छुट तथा जरिवानाको व्यवस्था रहेको | ६ महिनाभित्र बुझाए १०% छुट, अर्को वर्षमा बुझाए १५% जरिवाना लिने व्यवस्थालाई निरन्तरता दिनुपर्ने |
| करदाताहरूलाई उनीहरूले तिर्नुपर्ने कर रकमबारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | सूचना पाटीमा सूचना टाँस गरेर दिने गरेको | थप प्रभावकारी बनाउनु पर्ने |
| गाउँ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | गुनासो पेटीका मार्फत गुनासो गर्न सक्ने व्यवस्था भएको | गुनासो वा उजुरीको सुनुवाई प्रभावकारी कार्यान्वयन हुनुपर्ने |
| राजस्व शाखाको कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | अनुगनमन भैरहेको (प्रशासकीय प्रमुख र राजस्व शाखा प्रमुखबाट) | अनुगमनलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने । |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | सामान्य रूपमा कार्यन्वयन भएको (श्रमदान २० प्रतिशत) | प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरूलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षा मूलक कार्यक्रम, प्रचारप्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | सूचना पाटीमा सूचना टाँस गरेर मात्र | थप प्रभावकारी बनाउनु पर्ने । |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरूको सहभागीता कस्तो छ ? | सहभागी नगराइएको | सरोकारवाला पक्षहरूको सहभागीता गराउनु पर्ने । |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरूको प्रभावकारीता कस्तो छ ? (बैठक सङ्ख्या, निर्णयहरू आदि) | वार्षिक २ वटा | राजस्व परामर्श समिति तथा अन्य समितिहहरू सार्वजनिक गर्नुपर्ने । |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | सहभागिता नरहेको | सरोकारवाला पक्षहरूको सहभागीतालाई ध्यान दिनुपर्ने । |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | सामान्य रहेको | राजस्व शाखालाई सहयोग हुने वातावरण बनाउने । |
| आयका स्रोतहरूको अभिलेख व्यवस्था कस्तो छ ? | व्यवस्थित रहेको | सफ्टवेयर प्रणाली मार्फत व्यवस्थित गर्नुपर्ने । |
| गाउँपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | आय विवरण सार्वजनिक हुने गरेको | निरन्तरता दिनुपर्ने । |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरू कसरी सम्बोधन भएका छन् ? | आयको आलेप तथा मलेप हुने गरको | शुन्य बेरुजुको अवधारणा अवलम्बन गर्नुपर्ने । |

**निश्कर्ष:**

यस गाउँपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउनको लागि लिन सक्ने नीतिगत व्यवस्थाहरू निम्न छन् ।

- अनलाईन सफ्टवेयर प्रणालीको विकास गर्ने ।
- कर्मचारीहरूलाई क्षमता विकासको तालिम प्रदान गर्ने ।
- करका सम्बन्धमा समुदायस्तरमा जानकारी तथा सूचना दिने व्यवस्था गने ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रूपमा सङ्कलन गर्ने भूमिका राजस्व प्रशासनको भएकाले राजस्व सङ्कलनका लागि गाउँपालिकाको संस्थागत अवस्था र क्षमताका विषयमा विश्लेषण गरिएको छ ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा

विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ। यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति तालिका ११ मा देखाइएको छ।

**तालिका ११: राजस्व परामर्श समिति**

| क.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री हिमाली रोकाया | उपाध्यक्ष | संयोजक |
| २ | श्री बल बहादुर रावत | वडा अध्यक्ष (वडा नं. ६) | सदस्य |
| ३ | श्री नानी शाही | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री रण बहादुर बुढा | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५ | श्री दिपेन्द्र बहादुर शाही | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

यस गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री हिमाली रोकायाको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक बसी आवश्यक निर्णयहरू हुने गरेको देखिन्छ । राजस्व परामर्श समितिको बैठकमा सरोकारवाला पक्षको सहभागिता हुन सकेको देखिदैन । साथै राजस्व परामर्श समितिका सदस्यहरूलाई राजस्वका स्रोतगत आधारमा वस्तुपरक अनुमान गर्ने, स्रोतहरू पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी कार्यन्वयन गर्ने सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ।

### ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस गाउँपालिकाको संगठन संरचनामा राजस्व प्रशासन शाखाको व्यवस्था गरिएको छ । हाल यस शाखामा एकजना सहायक चौथो तहको कर्मचारी शाखा प्रमुख भई राजस्व प्रशासन सम्बन्धी कामकाज हुदै आएको छ । कार्यकक्ष तथा कार्यस्थलको पर्याप्तताका साथै फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरूको राम्रै व्यवस्था भएको देखिन्छ। यस शाखामा पर्याप्त सङ्ख्यामा आवश्यक कर्मचारी तथा सफ्टवेयरको व्यवस्था भएको देखिदैन।

## ४.२ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकालाई आन्तरिक आय परिचालन सम्बन्धी प्राप्त कानुनी अधिकार अनुसार आन्तरिक आय परिचालनको अवस्थालाई यहाँ विश्लेषण गरिएको छ । यस गाउँपालिकामा सम्भावना भएका आन्तरिक आयका शीर्षकहरूको सम्भाव्यता, दरको निर्धारण तथा सङ्कलनको अवस्थालाई तालिका नं. १२ मा प्रस्तुत गरिएको छ।

**तालिका १२: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमिकर (मालपोत) | सम्भावना भएको | दर निर्धारण भएको | पूर्णरूपमा सङ्कलन नभएको |
| २ | सम्पत्ति कर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सम्भावना नभएको | दर निर्धारण भएको | प्रदेश |
| ४ | घर जग्गा बहाल कर | सम्भावना भएको | दर निर्धारण भएको | पूर्णरूपमा नै प्रयोग भएको |
| ५ | व्यवसाय कर | सम्भावना भएको | दर निर्धारण भएको | पूर्णरूपमा भएको |
| ६ | जडीवुटी, कबाडी र जीवजन्तु कर | सम्भावना भएको | दर निर्धारण भएको | आवश्यकता अनुसार |
| ७ | विज्ञापन कर | सम्भावना भएको | भएको | सङ्कलन भएको |
| ८ | मनोरञ्जन कर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | सम्भावना भएको | दर निर्धारण भएको | कार्यान्वयन नभएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | सम्भावना भएको | दर निर्धारण भएको | कार्यान्वयन नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | सम्भावना भएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ४ | नक्सापास दस्तुर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन नभएको |
| ५ | व्यक्तिगत घटना बिलम्ब दर्ता शुल्क | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| ६ | बहाल बिटौरी शुल्क | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ७ | पार्किङ्ग शुल्क | सम्भावना नभएको | दर निर्धारण भएको | सङ्कलन नभएको |
| ८ | अस्पताल सञ्चालन | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १० | स्थानीय खानेपानी महसुल | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | सम्भावना | दर निर्धारण | बस्तीबाट साधारण |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| | | नभएको | नभएको | निर्माणका लागि उठाउने |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | सम्भावना भएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १३ | मूल्याङ्कन सेवा शुल्क | सम्भावना भएको | दर निर्धारण भएको | कार्यान्वयन नभएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर सम्भावना नभएको (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | सम्भावना भएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | सम्भावना नभएको | दर निर्धारण नभएको | सङ्कलन नभएको |
| १६ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |
| १७ | दण्ड जरिवाना | सम्भावना भएको | दर निर्धारण भएको | सङ्कलन भएको |

## ४.३ विगतको राजस्व सङ्कलनको अवस्था

यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिमका क्षेत्रहरूमा गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था तथा राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा करको दर निर्धारण गरी कार्यान्वयनमा

ल्याएको छ । यस गाउँपालिकाको विगत ३ वर्षको आय विवरणलाई तालिका १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १३: विगत ३ वर्षको आय विवरण**

| क्र.सं. | आय शीर्षक | आम्दानी विवरण | | |
|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
| १ | सम्पत्ति कर र घरजग्गा कर | ६,३८,५७३.५० | २,३६,३११.५० | ३,७५,०१५.०० |
| २ | घर बहाल कर | १९,५००.०० | १९,५००.०० | १९,५००.०० |
| ३ | व्यवसाय कर | ८,६००.०० | ९,६००.०० | ८,६००.०० |
| ४ | बहाल बिरौटी कर | ०.०० | ०.०० | ०.०० |
| ५ | घटना दर्ता बिलम्ब शुल्क | २,३०,३००.०० | १,३०,९००.०० | २,३०,३००.०० |
| ६ | कृषि तथा पशुपन्छी निर्यात वापत शुल्क | १,१९,६००.०० | २,०९,६००.०० | १,७९,६००.०० |
| ७ | एम्बुलेन्स सञ्चालन वापत शुल्क | ०.०० | १,५०,५००.०० | २,५०,५००.०० |
| ८ | अन्य आय | १,६१,९०८.०० | १,६१,९०८.०० | २,६१,९०८.०० |
| | **जम्मा** | **११,७८,८४१.५०** | **९,१८,३१९.१५** | **१३,२५,४२३.००** |

## ४.५ राजस्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानुन प्रदत्त वित्तीय अधिकार बमोजिम गाउँपालिकाको राजस्व परिचालनमा सुधार ल्याउनका लागि योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजस्व परिचालनका मुख्य सवालहरू, नीगित व्यवस्था, कर प्रशासन, दर निधारण, करको दायरा आदि रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### (क) राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

गाउँपालिकामा राजस्व सम्बन्धी कार्य गर्न गाउँसभाले संगठन संरचनामा सुधार गरी कार्यबोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरूको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै, जिम्मेवारी अनुसार कर्मचारीको दक्षता अभिवृद्धिका आवश्यक क्षमता विकासका तालिम उपलब्ध गराउँदै लैजानु पर्ने देखिन्छ ।

### (ख) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषय वस्तु समेटिएको कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्ने देखिन्छ ।

हाल कुन कुन शीर्षकमा के कति राजस्व सङ्कलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रूपमा आय स्पष्ट हुने गरी लेखा राख्नु पर्ने देखिन्छ।

**ग) आर्थिक ऐनमा सुधार**

